**कोभिड-१९ नियन्त्रणमा वान हार्ट वर्ल्डवाइडको सहयोग**
**अपडेट मिति : २०७६।१२।१०**

**पृष्ठभूमि**
कोरोनाभाइरस (CoV) भाइरसहरुको एक ठूलो परिवार हो जसले साधारण रुघाखोकी देखि गम्भीर रोगहरु जस्तै Middle East Respiratory Syndrome (MERS-CoV) र Severe Acute Respiratory Syndrome (SARS-CoV) निम्त्याउँछ। नोबल कारोनाभाइरस (nCoV) एक नयाँ प्रकारको भाइरस हो जुन मानवमा पहिले पहिचान गरिएको थिएन। हाल विश्वभरी फैलिरहेको नयाँ कारोना भाइरसको संक्रमणबाट लागेको रोगलाई विश्व स्वास्थ्य संगठनले "कोभिड १९" को नाम दिएको छ र यसलाई विश्वव्यापी महामारीको रुपमा घोषणा गरिसकेको छ। कोभिड १९ श्वासप्रश्वासको माध्यमबाट सर्ने रोग हो। यो संक्रमित व्यक्तिले खोक्दा वा हाछ्यु गर्दा नाक र मुखबाट निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ।
कारोनाभाइरसको मानवीय त्रासदी विशाल छ। अहिलेसम्म १४,००० भन्दा बढीको मृत्यु भइसकेको र ३००,००० भन्दा बढी संक्रमित भइसकेका छन् र लाखौं प्रभावित भएका छन्। नेपालमा अहिलेसम्म शंकास्पद करीब ६०० नमुनाको प्रयोगशाला परिक्षण गरिएकोमा २ जनामा कोभिड-१९ पोजेटिभ देखिएको छ जसमध्ये एक जना पूर्ण रुपमा निको भइसकेको छ भने अर्को एक जनाको उपचार भइरहेको छ।

**औचित्य**
अहिलेको अवस्था कोभिड १९ अन्तर्राष्ट्रिय स्तरमा नै जनस्वास्थ्य आपतकालको (Public Health Emergency) अवस्था हो। वान हार्ट वर्ल्डवाइड मातृ र नवजात शिशुको स्वास्थ्यमा काम गर्ने संस्था हो र विगतमा भूकम्पपछिको प्रकोपको समयमा वान हार्टले गरेको महत्वपूर्ण सहयोगको कारणले गर्दा अहिले पनि सरकारले वान हार्टबाट आवश्यक सहयोगको अपेक्षा गरेको छ। यस्तो आपतको घडीमा रोकथाम तथा रोगको पहिचान र उपचारात्मक सेवा प्रवाहमा सरकारका प्रयासहरुलाई सहयोग गर्नु मुनासिव पनि देखिन्छ।

**कोभिड-१९ सम्बन्धी नेपालको प्रयास**
- प्रकोपको स्थितिमा तयारीका लागि विभिन्न कार्य समूहहरु गठन तथा क्रियाशिल गरिएको छ
- उप प्रधानमंत्रीको संयाजकतमा उच्चस्तरीय समिति गठन तथा बैठकहरु सञ्चालन
- यात्रासम्बन्धी सूचना जारी
- सार्वजनिक सरोकारको लागि हटलाइन नम्बरहरुको स्थापना
- विभिन्न अस्तापलहरुमा आइसोलेसन सुविधा सहितको प्रकोप तयारी र व्यवस्थापन योजना तयार
- चीन तथा भारतको नाका र एयरपोर्टमा स्वास्थ्य डेस्क सञ्चालन
- सम्पुर्ण शौक्षिक संस्थाहरु लगायत धेरै मानिसहरु जम्मा हुने स्थानहरु बन्द
- एक हप्ताको लागि देशभर लकडाउन

**सहयोग गर्न सकिने क्षेत्र**
- उपकरण/आपूर्ति : पीपीई, सर्जिकल मास्क, पञ्जा, चश्मा, अनुसार शिल्ड, स्प्रे मेशिन
- अस्पतालहरुको तयारी र क्षमता अभिवृद्धि : आइसोलेसन वार्ड, तालिम, सूचना केन्द्र
- प्रयोगशालाको क्षमता सुदृढीकरण
- सर्भिलेन्स अधिकारीहरुको आपूर्ति
- प्रवेश नाकाहरुमा स्वास्थ्य सूचना केन्द्रमा स्वास्थ्यकर्मी र उपकरणको आपूर्ति

- सूचना, शिक्षा र सञ्चारका सामग्रीहरुको विकास, प्रचारप्रसार र उपयोग
- समुदायस्तरमा सूचना र शिक्षा

**वान हार्ट वर्ल्डवाइडको सहयोग**

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला, बालबालिका र जेष्ठ नागरिक मन्त्रालय, समाज कल्याण परिषद र अन्तर्राष्ट्रिय गैह्रसरकारी संघसँगको बैठकहरुमा महत्वपूर्ण सहभागिता र समन्वयात्मक भूमिका
- स्थानीय एफएम रेडियोमार्फत कोभिड-१९सम्बन्धी सन्देश प्रशारण
- जिल्ला, स्थानीय र समुदायस्तरमा सञ्चालन गरिने कुनै पनि गतिविधि/फोरमहरुमार्फत सन्देश प्रसार
- स्वास्थ्यकर्मी/स्वयंसेविकाहरुलाई कोभिड-१९ सम्बन्धी नेपाल सरकारले उत्पादन गरेका आधिकारिक सूचना सन्देश सामाग्रीहरुको प्रतिलिपि वितरण र विभिन्न फोरममा प्रचारप्रसार
- स्वास्थ्य कार्यालयको समन्वयमा जिल्लामा आवश्यक सामग्रीको विवरण तयार गरी सम्बन्धित निकायमा जानकारी गराइएको
- आपतकालिन अवस्थामा व्यक्तिगत सुरक्षाका उपकरणहरु (पीपीई), इन्फ्रारेड थर्मोमिटर, पञ्जा, मास्क, ह्यान्ड स्यानिटाइजर आदि खरिद तथा वितरण गर्ने योजना

**वानहार्ट वर्ल्डवाइडले आफ्ना कर्मचारीहरुको लागि लिएको कदम**

- फिल्डस्तरका सम्पूर्ण कार्यक्रमहरु बन्द गर्ने
- ठूलो जमातमा गर्नुपर्ने कार्यक्रमहरु सञ्चालन नगर्ने
- भीडमा एक्सपोजर नहुने जस्तै सार्वजनिक बसहरुमा यात्रा नगर्ने
- ज्वरो र अन्य फ्लुजस्तै सिन्ड्रम छ भने सम्बन्धित अधिकारीलाई सूचित गर्ने
- सतर्कता अपनाउने र आफ्नो क्षेत्रमा कुनै प्रकोप भए तुरुन्त जानकारी गर्ने